"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, धनकुटा

कोशी प्रदेश , नेपाल

प.सं. २०७९/८०
च.नं.

मितिः २०८०/०२/२६

(दोस्रो पटक प्रकाशित)

विषयः- होमस्टे र कोशेली घर सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयको सशर्त अनुदान तर्फ आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत होमस्टे सञ्चालकलाई रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणका लागि आवश्यक सामग्री एवं प्रशोधन उपकरण खरिद गर्न र कोशेली घर सञ्चालन ५० प्रतिशत अनुदानमा गर्नुपर्ने भएकोले धनकुटा नगरपालिका क्षेत्रभित्र कानुन बमोजिम दर्ता भई होमस्टे र कोशेली घर सञ्चालन गर्दैआइरहेका इच्छुक होमस्टे/कोशेली घर सञ्चालक फर्मबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात् मिति २०८०/०२/३२ गतेभित्र धनकुटा नगर कार्यपालिकाको कार्यालय (कृषि विकास उपशाखा), धनकुटामा तोकिएको ढाँचा अनुसारको आवेदन दर्ता गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । यस विषयमा थप जानकारीका लागि ९८४२११६२५४, ९८४९३०४१०९, ९८५२०६१८८८ मा सम्पर्क राख्न हुन अनुरोध छ । साथै आवेदन फाराम कार्यालयको वेवसाइट www.dhankutamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

<u>सञ्चालन हुने कियाकलापहरु</u>

| क.सं. | कियाकलाप | इकाई | परिमाण | प्रति इकाई रकम रु. | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|---|
| १. | होमस्टे सञ्चालकलाई रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणका लागि आवश्यक सामग्री एवं प्रशोधन उपकरण खरिदका लागि अनुदान । | संख्या | १ | ५००००।- | धनकुटा नगरपालिका क्षेत्र । |
| २. | कोशेली घर सञ्चालन सहयोग । | संख्या | १ | ३००००।- | |

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. आयोजना प्रस्ताव पेशको आवेदन फाराम ।
२. सम्बन्धित निकायमा होमस्टे/फर्म दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
३. होमस्टे/कोशेली घर सञ्चालन हुने स्थान (जग्गा जमीन) को स्वामित्व खुल्ने कागजात (जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि) वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता पत्र र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
५. संस्थाको हकमा बैठकको निर्णय प्रतिलिपि ।
६. गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।
७. होमस्टे/कोशेली घर सञ्चालक फर्मको स्थायी लेखा नं. को प्रतिलिपि।
८. गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

मुक्तिनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Fax : 026-520586 Email : info@mundhankuta.gov.np website: www.dhankuta.gov.np

# प्रस्तावना

| | |
|---|---|
| होमस्टे/कोशेली घरको नाम | |
| पत्राचारको ठेगाना | |
| होमस्टे/कोशेली घर स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| स्थायी लेखा नम्बर | |
| आवेदकको नाम | |
| मोवाईल नम्बर | |
| प्रस्तावित कार्यक्रमको नाम | |
| कार्यक्रम माग गर्नुको उद्देश्य | |
| प्रस्तावित होमस्टे/कोशेली घर सञ्चालन हुने स्थान | |
| कार्य सम्पन्न गर्न लाग्ने समय | |
| अनुदान रकम आवश्यक पर्नुको कारण | |
| बैंकको नाम, शाखा र खाता नं. | |
| प्रस्तावित योजना कार्यान्वयन गर्ने स्थानमा विद्यमान भौतिक सुविधाहरु | |
| सडक | (क) छ (ख) छैन |
| सडकको प्रकार | (क) पक्की (ख) कच्ची |
| नजिकको बजारको नाम र दुरी | |
| बिजुली | (क) छ (ख) छैन |

**होमस्टे/कोशेली घर सञ्चालन फर्मबाट लाभान्वित हुनेको नाम र पारिवारिक विवरण :-**

| क्र. सं | होमस्टे/कोशेली घर फर्म सञ्चालकको नाम, थर | ठेगाना | पति/पत्नीको नाम | परिवार संख्या | | | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

कार्ययोजना तालिका :-

प्रस्तावित कार्यक्रमको अनुमानित कुल लागत रु.........................

होमस्टे/कोशेली घर सञ्चालन गर्ने फर्मको आफ्नो योगदान रकम रु................

धनकुटा नगरपालिकामा माग गरेको अनुदान रकम रु..........................

प्रस्तावित कार्यक्रमको अनुमानित लागत विवरणः

| क. सं. | क्रियाकलाप | लागत विवरण | | | | लागत व्यहोर्ने/वित्तीय स्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दर | जम्मा | आवेदक संस्था रु. | धनकुटा नगरपालिका रु. | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा रु. | | | | | | | |

नोटः आवेदकको योगदानमा जग्गाको मुल्य र चालु खर्च समावेश गर्न पाईने छैन ।

मिति :-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

**विषय :- अनुदान उपलब्ध गराइदिनु हुन ।**

महोदय

उपरोक्त सम्बन्धमा ताहाँ नगरपालिकाबाट मिति .........................................गते प्रकाशित सूचना अनुसार ५० प्रतिशत अनुदानमा सञ्चालन हुने रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत होम सञ्चालकलाई रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणका लागि आवश्यक सामग्री एवं प्रशोधन उपकरण खरिद गर्न/कोशेली घर सञ्चालन अनुदानका लागि प्रस्तावना, कार्ययोजना, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/बस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिन हुन अनुरोध गर्दछौं/छु ।

<u>संलग्न कागजातहरुको सूची :-</u>

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | पाना संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |

<u>निवेदक</u>

दस्तखत :-

नाम :-

पद :-

सम्पर्क नम्बर :-

होमस्टे/कोशेली घर सञ्चालन गर्ने फर्मको नाम:-

ठेगाना :-

मिति :-

संस्थाको छाप:-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

**विषय :- प्रतिवद्धता पत्र पेश गरेको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटाबाट मिति.................................गते प्रकाशित अनुदानको लागि प्रस्ताव आव्हानको सूचना बमोजिम रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत होमस्टे सञ्चालकलाई रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणका लागि आवश्यक सामग्री एवं प्रशोधन उपकरण खरिद गर्न/कोशेली घर सञ्चालन अनुदानका लागि कार्य योजना सहितको आवेदन पेश गरेका छौं/छु । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ५ वर्ष निरन्तरता दिने छौं/छु । कार्य योजना अनुसारको कार्य नगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं/छु । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट अनुदान नलिएको साथै कार्यक्रम सञ्चालन अवधिमा अनुदान नलिने व्यहोरा समेत प्रतिवद्धता व्यक्त गर्दछु ।

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

निवेदक

दस्तखत:-

नाम :-

पद :-

होमस्टे/कोशेली घर सञ्चालन गर्ने फर्मको नाम :-

छाप:-